(दफा ४ तथा अनुसूची -१ को भाग २ संग सम्बन्धित)

# स्थानीय राजपत्र

खण्ड :६ संख्या :१ मितिः२०७९।३।१०

## उदयपुरगढी गाउँपालिकाको
## विनियोजन ऐन, २०७९

## भाग :१

## उदयपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय,उदयपुरगढी
### १ नं प्रदेश, नेपाल

उदयपुरगढी गाउँपालिका,उदयपुर

**उदयपुरगढी गाउँपालिकाको विनियोजन विधेयक -२०७९**
**उदयपुरगढी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चीत कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**सभाबाट स्वीकृत मितिः २०७९/३/१०**

**प्रस्तावनाः** उदयपुरगढी गाउँपालिकाको आर्थिक बर्ष २०७९।८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम उदयपुरगढी गाउँपालिकाको गाउँ सभामा यो विधेयक पेश भएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयकको नाम " **उदयपुरगढी गाउँपालिकाको विनियोजन विधेयक, २०७९**" रहेको छ ।

(२) यो विधेयक सभाबाट पास भई प्रमाणित भए पछि ऐनको रुपमा तुरुन्त लागू हुनेछ ।

**२.आर्थिक वर्ष २०७९।८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७९।८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ७५,५०,११,०००/-( **अक्षेरुपी पचहत्तर करोड पचास लाख एघार हजार रुपैया मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम अनुसूची १ बमोजिमको आय व्यय विवरण अनुसार सञ्चित कोषबाट खर्च गरिनेछ ।

३. **विनियोजनः** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।८० को निमित्त उदयपुरगढी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

उदयपुरगढी गाउँपालीकाको गाउँ सभावाट पारीत गरिएको आय व्ययको अनुमान

गाउँ कार्यपालीकाको कार्यालय, उदयपुरगढी , उदयपुर

आ.व. २०७९।८० को

उदयपुरगढी गाउँपालीकाको गाउँ सभावाट पारीत गरिएको आय व्ययको अनुमान

अनुसूची-१

रु. हजारमा

| **आय तर्फ** | | **ब्यय तर्फ** | |
|---|---|---|---|
| शिर्षक | रकम | शिर्षक | रकम |
| संघिय सरकारवाट प्राप्त हुने वित्तीय समानीकरण | १७२३०० | आर्थिक विकास तर्फ | २९७०० |
| न्युनतम अनुदान | ३५००० | सामाजीक विकास तर्फ | २९७०० |
| सुत्रमा आधारित अनुदान | १३१३०० | पूर्वाधार विकास तर्फ | ७०४९० |
| कार्य सम्पादनमा आधारीत | ६००० | वन वातावरण तथा विपद व्यबस्थापन तर्फ | १४९०० |
| संघवाट प्राप्त सशर्त अनुदान तर्फ | २६६५०० | सुशासन संस्थागत विकास तर्फ | १५०३९ |
| चालु | २२१२०० | चालु तर्फ | १२०००० |
| पुँजिगत | ४५३०० | संघवाट प्राप्त सशर्त अनुदान तर्फ | २६६५०० |
| प्रदेशवाट वित्तिय समानीकरण | ९५९८ | प्रदेश सरकारवाट प्राप्त समपूरक अनुदान | १०००० |
| न्युनतम अनुदान | १६६५ | सामाजीक सुरक्षा कार्यक्रमामा खर्च हुने | १०८९०० |
| सुत्रमा आधारित अनुदान | ७९३३ | ८ वटै वडाको योजनाहरु | ६११०० |
| प्रदेशवाट प्राप्त सशर्त अनुदान तर्फ | ४६८२ | समपुरक अनुदानबाट कार्यान्वयन हुने योजनाको लागि लागत साझेदारी | २४००० |
| चालु | १२३ | प्रदेशवाट प्राप्त सशर्त | ४६८२ |
| पुँजिगत | ४५५९ | | |
| प्रदेश सरकारवाट प्राप्त समपूरक अनुदान | १०००० | | |
| संघ तर्फको राजश्व बाँडफाँड | ११४८७९ | | |
| प्रदेश तर्फको राजश्व बाँडफाँड | ५२८२ | | |
| रोयल्टी बाँडफाँड | १९९० | | |
| वन रोयल्टी | ३७१ | | |
| खानी रोयल्टी | १६१९ | | |
| अनुमानीत आन्तरीक आय | ६०८८० | | |
| अल्या | ५२४०० | | |
| आन्तरीक राजश्व | ८४८० | | |
| सामाजीक सुरक्षा कार्यक्रमबाट प्राप्त हुने | १०८९०० | | |
| **जम्मा गा. पा. को आय तर्फ रु.** | **७५५०११.०** | **जम्मा ब्यय तर्फ रु.** | **७५५०११.०** |

उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी,उदयपुर

**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

आ व २०७९।८०

अनुसुची २
रु हजारमा

| **क्र.स.** | **बजेटको स्रोतहरू** | **आगमी आ.व. २०७९\८० को अनुमान** |
|---|---|---|
| १ | **आन्तरीक आय** | **६०८८०** |
| | **क. कर राजश्व** | **१२५०** |
| | सम्पत्ति कर | ४०० |
| | मालपोत\भूमीकर | ६०० |
| | घरजग्गा बहाल कर | १०० |
| | सवारी साधन कर (अटो रिक्सा, ईरिक्सा, टेम्पो) | १० |
| | पूर्वाधार सेवा उपयोग कर | १० |
| | अखेटोपहारमा लाग्ने कर (जडीबुटी, जिवजन्तु, कवाडी) | ३० |
| | अन्य कर | १०० |
| | **ख. गैरकर राजश्व** | **७२३०** |
| | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६०० |
| | बहाल बिटौरी शुल्क | १० |
| | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १० |
| | बाँडफाडबाट प्राप्त बन रोयल्टी १०% | १००० |
| | बाँडफाडबाट प्राप्त खानि तथा खनीजको रोयल्टी | १६०० |
| | ढुङ्गा गिटी बालुवा दहत्तर बहत्तर बिक्रीबाट प्राप्त आय | २००० |
| | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त आय | २० |
| | अन्य विक्रीबाट प्राप्त आय | ५ |
| | न्यायिक दस्तुर | ५ |
| | परीक्षा शुल्क | ३० |
| | अन्य प्रशासनिक सेवा शुल्क (बोलपत्र फारम विक्री) | २०० |
| | नक्सा पास दस्तुर | २०० |
| | सिफारिस दस्तुर (प्रमाणित समेत) | १००० |
| | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | २०० |
| | नाता प्रमाणित दस्तुर | ५० |
| | अन्य दस्तुर (दर्ता, अनुमती ईजाजत) | १०० |
| | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५० |
| | प्रशासनिक दण्ड जरिवाना र जफत | ५० |
| | व्यवसाय कर | १०० |
| | **ग. बैंक मौज्दात** | **५२४००** |

उदयपुरगढी गाउँपालिका, उदयपुर

| | | |
|---|---|---|
| | अ.ल्या. | ५२४०० |
| २ | **राजश्व बाँडफाड** | १२०१६१ |
| | **क. नेपाल सरकार** | ११४८७९ |
| | मु.अ. कर | |
| | अन्त शुल्क | |
| | **ख. प्रदेश सरकार** | |
| | सवारी साधनमा लाग्ने कर | ५२८२ |
| ३ | **रोयल्टी बाँडफाड** | १९९० |
| | क. बन रोयल्टी | ३७१ |
| | ख. खानी रोयलटी | १६१९ |
| | ग. विद्युत रोयल्टी | |
| | घ. पर्वतारोहण रोयल्टी | |
| | ङ. पानी तथा अन्य रोयल्टी | |
| ४ | **नेपाल सरकारबाट प्राप्त हुने अनुदान** | ४३८८०० |
| | **क. वित्तीय समानीकरण अनुदान** | १७२३०० |
| | न्युनतम अनुदान | ३५००० |
| | सुत्रमा आधारित अनुदान | १३१३०० |
| | कार्य सम्पादनमा आधारित अनुदान | ६००० |
| | **ख. सशर्त अनुदान** | २६६५०० |
| | चालु | २२१२०० |
| | पुँजीगत | ४५३०० |
| | **ग. समपूरक अनुदान** | |
| | **घ. विषेश अनुदान** | |
| ५ | **प्रदेश सरकारबाट प्राप्तहुने अनुदान** | २४२८० |
| | **क. वित्तीय समानीकरण अनुदान** | ९५९८ |
| | न्युनतम अनुदान | १६६५ |
| | सुत्रमा आधारित अनुदान | ७९३३ |
| | ख. सशर्त अनुदान | ४६८२ |
| | ग. समपूरक अनुदान | १०००० |
| | घ. विषेश अनुदान | |
| ६ | अन्य अनुदान (सामाजिक सुरक्षा) | १०८९०० |
| ७ | जनसहभागिता | |
| ८ | अन्तरस्थानीय तह साझेदारी रकम | |
| ९ | गै.स.स. र सामुदायिक क्षेत्रको लगानी | |
| | **जम्मा** | ७५५०११ |

आज्ञाले :
नाम : रमेश राई
प्रमुख प्रशासकिय अधिकृत

प्रमाणीकरण मिति : २०७९।३।१२

उदयपुरगढी गाँउपालिका, उदयपुर